साझा सेवा (सहकारी संस्था) लि.
केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं

साझा सेवा
(सहकारी संस्था लि.)
चलानी नं. ४३
मिति २०८१/०५/२५

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०८१/०५/२५)

१. साझा सेवा (सहकारी संस्था) लि.द्वारा सञ्चालित साझा आयल स्टोर जनागल, काभ्रेका लागि आवश्यक तपसिलमा उल्लेखित सामानहरु खरिद गर्नुपर्ने भएकोले योग्य आपूर्तिकर्ताहरुले सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन **पूनः** यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्रको मान्य अवधि | जमानत रकम |
|---|---|---|---|---|
| २०८१/८२-१ | Double Nozzle Digital Fuel Dispenser Machine (Petrol र Diesel) – १ | रु.१,०००/- | ४५ दिन | रु. |

२. साझा सेवा (सहकारी संस्था) लि. केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंबाट तोकिएको दस्तुर बुझाई १५ औं दिनसम्म (मिति २०८१/०६/०८ गते) कार्यालय समयभित्र दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ । दरभाउपत्र दस्तुर फिर्ता हुने छैन ।

३. दरभाउपत्रसाथ मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, कम्पनीको अधिकृत बिक्रेता प्रमाणपत्र, आ.व.२०७९/८० को करचुक्ता प्रमाणपत्र (सबै प्रतिलिपीहरुको) को स्वयं घोषणा गरी पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र पेश गर्दा सामानको अंकित मूल्यको न्यूनतम अढाई प्रतिशत नगद वा बैंक ग्यारेण्टी वापतको रकम संस्थाको पाटन शाखा, पुल्चोकस्थित हिमालयन बैंकको खाता च.हि.नं. ००६००४१३०९००१३ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त “क” वा “ख” वर्गको वाणिज्य बैंक तथा विकास बैंकबाट सो रकम बराबरको यस कार्यालयको नाममा जारी भएको जमानत पेश गर्नुपर्नेछ । उक्त जमानतको समयावधि दरभाउपत्रको मान्य अवधिभन्दा ३० दिन बढीको हुनु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८१/०६/०९ गते दिनको २:०० बजेभित्र साझा सेवा (सहकारी संस्था) लि., केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंमा दर्ता गरिसक्नुपर्नेछ (तोकिएको समय पश्चात् आएको दरभाउपत्र अमान्य हुनेछ), दर्ता भएका दरभाउपत्र फारामहरु सोही दिनको ४:०० बजे उपस्थित दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु एवं संस्थाका कर्मचारीहरुको रोहवरमा यस संस्थामा खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । दरभाउपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ ।

६. आपूर्ति गरिने डिस्पेन्सिङ मेशिन नेपाल गुणस्तर तथा नापतौल विभाग वा अन्तर्गतका कार्यालयबाट ईजाजत प्राप्त बिक्रेताबाट नियमानुसार नेपाल पैठारी भएको हुनुपर्नेछ ।

७. दरभाउपत्र कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

८. दरभाउपत्रसम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा संस्थाको केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंको फोन नं.०१-५६७१९८९, मोबाइल नं.९८४१-२९००२४ तथा ईमेल sajhapsl@gmail.com मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

यो सूचना साझा सेवा (सहकारी संस्था) लि., केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंको वेभसाईट www.sajhasewa.com.np मा हेर्न सकिनेछ ।